नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक विभाग
## (आन्तरिक व्यवस्थापन शाखा)

बबरमहल, काठमाडौं, नेपाल
(हाल: चाकुपाट, ललितपुर)

पत्र संख्या : ५.१.२०/०७४/७५
चलानी नम्वर : ३१३

मिति २०७४।१२।१

विषय :- सम्पति विवरण सम्वन्धि निर्णय कार्यान्वयन र एकिन विवरण तयार गरी पठाउने सम्वन्धमा ।

श्री स.वि.,योजना तथा डिजाईन महाशाखा, चाकुपाट ललितपुर ।
श्री " संभार महाशाखा, चाकुपाट ललितपुर ।
श्री " वैदेशिक महाशाखा, सानो गौचरण ।
श्री " यान्त्रिक महाशाखा, चाकुपाट ललितपुर ।
श्री " पुल महाशाखा, चाकुपाट ललितपुर ।
श्री " उत्तर दक्षिण/व्यापारीक मार्ग निर्देशनालय, चाकुपाट ललितपुर ।
श्री " हुलाकी राजमार्ग आयोजना, आलोकनगर ।
श्री " सडक सुधार आयोजना, नयाँ वानेश्वर ।
श्री आयोजना निर्देशनालय (ए.डि.वि.), विशालनगर ।
श्री पूर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको च.नं. ४६२ मिति २०७४।११।२५ को पत्र र सो साथ प्राप्त राष्ट्रिय सतर्कता केन्द्रको प.सं. २०७४/७५ च.नं.२४६६०६६४२८ मिति २०७४।११।१८ को पत्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. योजना ०७४/७५ च.नं ७७ मिति २०७४।११।१५ को पत्र छाँयाकपि यसैसाथ संलग्न रहेको छ। व्यहोरा संलग्न छायाकपिबाट अवगत गर्नु भई लेखि आए बमोजिम गर्नु गराउनु हुन र आ.व. २०७३।७४ को सम्पती विवरण बुझाउने र नबुझाउने कर्मचारीहरुको विवरण एक मुष्ट रुपमा मन्त्रालयवाट प्राप्त ढाँचामा स्पष्ट खुल्ने गरि ५(पाँच) दिन भित्र विभागमा आईपुग्ने गरी पठाउनुहुन निर्देशानुसार अनुरोध छ।

२०७४।१२।१

(तेजनाथ पोखेल)
शाखा अधिकृत

बोधार्थ
श्री भौतिक पूर्वाधान तथा यातायात मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखा
सिंहदरवार, काठमाडौं ।

Scanned by CamScanner

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६६५

फ्याक्स नं. ४२११७२०

सिंहदरबार, काठमाडौं ।

प.सं. :- ४.१.१३/०७४/७५

च.नं. :- ४६२

मिति : २०७४/११/२५

**विषय : सम्पत्ति विवरण सम्बन्धी निर्णय कार्यान्वयन र एकिन विवरण तयार गरी पठाउने सम्बन्धमा ।**

श्री सडक विभाग,
चाकुपाट, ललितपुर ।

श्री यातायात व्यवस्था विभाग,
मिनभवन, काठमाडौं ।

श्री रेल विभाग,
विशालनगर, काठमाडौं ।

श्री काठमाडौं दिगो सहरी यातायात आयोजना,
बबरमहल, काठमाडौं ।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्र, प्रशासन तथा योजना शाखाको प.सं. ०७४/७५ च.नं. २४६६०६६४२८ मिति २०७४/११/१८ को पत्र र सो पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा विषयक पत्रको प्रतिलिपी यसै पत्र साथ संलग्न गरिएको छ । विस्तृत व्यहोरा सोहीबाट अवगत गर्नु भई लेखी आए बमोजिम गर्नु गराउनु हुन र आ.व. ०७३/७४ मा सम्पत्ति विवरण बुझाउने नबुझाउने कर्मचारीहरुको विवरण तपसिल बमोजिमको निर्दिष्ट ढाँचामा स्पष्ट खुल्ने गरी निकायगत एकमुष्ट रुपमा ७ (सात) दिन भित्र विवरण पठाउनु हुन मिति २०७४/११/२५ को निर्णयानुसार अनुरोध छ ।

**विवरण पठाउने निर्दिष्ट ढाँचा**

| निकायको नाम | कूल दरबन्दी संख्या | कार्यरत संख्या | सम्पत्ति विवरण बुझाउनेको संख्या | सम्पति विवरण नबुझाउने कर्मचारी/पदाधिकारीहरुको | | समय पश्चात बुझाउने कर्मचारी/पदाधिकारीहरुको | | सेवाको प्रकार | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पद | नाम थर | पद | नाम थर | स्थायी | अस्थायी | करार | |
| | | | | | | | | | | | |

(नयबहादुर खड्का)
शाखा अधिकृत

**बोधार्थ :**
श्री राष्ट्रिय सतर्कता केन्द्र,
प्रशासन तथा योजना शाखा,
सिंहदरबार ।



Scanned by CamScanner

विषय:सम्पत्ती विवरण सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार।

गत आ.व.२०७३/७४ को सम्पत्ती विवरण सम्बन्धमा मिति २०७४/११/१५ गते यस केन्द्रसहितको उपस्थितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बसेको बैठकको निर्णय कार्यन्वयन सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.७७ मिति २०७४/११/१५ को पत्रको छायाप्रति संलग्न छ । त्यस मन्त्रालय / मातहत निकाय / संस्थान / प्रतिष्ठान /केन्द्र / समितिहरु लगायतका सार्वजनिक पद धारण गरेका पदाधिकारी / कर्मचारीहरुको दरबन्दी विवरण,कार्यरत संख्या र जुनसुकै कारणबाट भएपनि सेवामा नरहेको भए सो को प्रमाणसहितको कागजातहरु, सम्पत्ती विवरण बुझाउने र नबुझाउने पदाधिकारी / कर्मचारि / शिक्षकहरुको पछिसम्म फरक नपर्ने गरी यकिन विवरण तयार गरी दश(१०)दिनभित्र यस केन्द्रमा अनिवार्य रुपमा प्राप्त हुने गरी पठाइदिने व्यवस्था हुन अनुरोध छ । यसैसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रमा भएका विषय / निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था हुनका साथै संलग्न पत्रअनुसारको विवरण प्राप्त हुन नआएमा वा भएगरेको नपाइएमा सम्बन्धित तहाँ तालुक निकायका प्रमुख नै जिम्मेवार भएको मानी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत यस केन्द्रको मिति २०७४/११/१८ को निर्णयानुसार अनुरोध छ ।

(डालनाथ अर्याल)
उपसचिव

बोधार्थ
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल,काठमाडौं :-तहाँको प.सं. :-योजना/७४/७५च.नं.७७ मिति २०७४/११/१५को पत्रको सन्दर्भमा ।



Scanned by CamScanner

मिति: २०७४।११।१५

विषय: बैठकको निर्णय कार्यान्वय सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
राष्ट्रिय सतर्कता केन्द्र ।
श्रीमान् महानिर्देशकज्यू,
निजामती किताबखाना/प्रहरी किताबखाना/विद्यालय शिक्षक किताबखाना ।

मिति २०७४ फागुन १५ का दिन यस आयोगका सचिव डा. राजन खनालज्यूको संयोजकत्वमा राष्ट्रिय सतर्कता केन्द्रका सचिव, निजामती किताबखाना, प्रहरी किताबखाना, विद्यालय शिक्षक किताबखानाका महानिर्देशकहरुसमेतको उपस्थितिमा राष्ट्रिय सतर्कता केन्द्रबाट आर्थिक वर्ष २०७३/७४ को सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको विवरणसहितको प्राप्त प्रतिवेदनउपर छलफल गरी देहायबमोजिम निर्णय भएकाले सबै सरोकारवाला निकायहरुलाई गम्भीरतापूर्वक कार्यान्वयनको प्रबन्ध मिलाउनु हुनका लागि निर्णयानुसार अनुरोध गर्दछु ।

निर्णय :

(क) सार्वजनिक पदाधिकारीहरूको विवरण अद्यावधिक गर्दा निजामती किताब खाना, प्रहरी किताब खाना र शिक्षक किताब खानाले राष्ट्रिय सतर्कता केन्द्रसँग समन्वय गर्दै सम्पूर्ण कर्मचारीको विवरण सङ्केत नम्बरका आधारमा अद्यावधिक गर्नुपर्ने ।

(ख) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका निकाय जस्तैः विकास समिति, प्रतिष्ठान, अस्पताल, कार्यालय आदिमा कार्यरत कर्मचारीको दरबन्दी सङ्ख्या, कार्यरत सङ्ख्या, सम्पत्ति विवरण बुझाउने र नबुझाउने कर्मचारीको विवरण एकीन भएको नदेखिएको हुनाले १५ दिनभित्र विवरण अद्यावधिक गरी निजामती किताब खाना तथा राष्ट्रिय सतर्कता केन्द्रमा पठाउने व्यवस्था गर्ने ।

(ग) शिक्षक किताब खानाले राहत तथा करारमा कार्यरत शिक्षकको विवरण छुट्याएर अद्यावधिक गरी सम्पत्ति विवरण नबुझाउने शिक्षकको विवरण राष्ट्रिय सतर्कता केन्द्रमा पठाउने व्यवस्था गर्ने ।

(घ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पदाधिकारीलाई कानूनबमोजिम जरिवाना गरी जानकारी दिने भनी निर्णय गरी पठाएकामा कर्मचारीको विवरण अद्यावधिक नभएका कारण एकदमै कम कर्मचारीले मात्र जरिवाना तिरेको जानकारी प्राप्त हुन आएकाले उक्त विषयमा सबै निकाय गम्भीर भई जरिवाना असूलीमा ध्यान दिने ।

(ङ) राजिनामा, अवकाश, मृत्युलगायत जुनसुकै कारणले सेवामा नरहेका कतिपय निजामती कर्मचारी, प्रहरी, शिक्षकहरूको नामावली पनि सम्पत्ति विवरण नबुझाउने विवरणमा समावेश भएको पाइएकाले सेवा सञ्चालन गर्ने

Scanned by CamScanner

योजना/०७४/७५

निकायहरूसँग आवश्यक समन्वय गरी दुरूस्त वनाउने। यदि सेवा सञ्चालन गर्ने निकायले समयमा विवरण अद्यावधिक नगरी समस्या देखिएमा आयोगले आवश्यकतानुसार त्यस्ता निकायसँग समन्वय गर्ने ।

(च) प्रदेश तथा स्थानीय तहका निर्वाचित पदाधिकारीहरूको लगत तयार गरी सम्पत्ति विवरण वुझाउनेको अभिलेख अद्यावधिक गरी राखे गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत आवश्यक व्यवस्था मिलाइ सम्पत्ति विवरण नवुझाउने पदाधिकारीको विवरण आयोगमा पठाउने ।

(छ) सार्वजनिक पदधारण गर्ने व्यक्ति एवम् कर्मचारीहरूको विवरण अद्यावधिक गर्ने ढाँचामा समेत एकरूपता नदेखिएको हुँदा राष्ट्रिय सतर्कता केन्द्र, निजामती किताव खाना, प्रहरी किताव खाना, सैनिक अभिलेखालय तथा शिक्षक किताव खानाले एकआपसमा समन्वय गरी छलफलमा उठेका सवै विषय समावेश गर्दै एकरूपता आउने गरी विवरण अद्यावधिक गरी १५ (पन्ध्र) दिनभित्र आयोगमा पठाउने ।

राम बहादुर तामाङ
शाखा अधिकृत

**<u>बोधार्थ तथा कार्यार्थ:</u>**

श्री सवै मन्त्रालयहरु/सचिवालयहरु/आयोगहरु : उपर्युक्त निर्णयानुसार आ-आफ्नो निकाय मातहतका निजामती/संस्थान/ प्रतिष्टान/ केन्द्र/ समितिहरु लगायत सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरुको दरवन्दी विवरण, कार्यरत संख्या र जुनसुकै कारणवाट भए पनि सेवामा नरहेको भए सोको प्रमाणसहितको कागजातहरु सम्वन्धित अभिलेख राख्ने कितावखाना/निकायमा अविलम्व उपलव्ध गराई सम्पत्ति विवरण नवुझाउनेहरुको एकीन पहिचान गरी अभिलेख अद्यावधी बनाउने प्रवन्ध मिलाउनु हुन अनुरोध छ ।

Scanned by CamScanner